## वैठक नं. ८

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० बमोजिम गठन भएको जिल्ला सरकारी वकील कार्यालय बर्दिया तहको समन्वय समितिको वैठक आज मिति २०८०।१२।२२ गते बिहिबार, जिल्ला सरकारी वकील कार्यालय, बर्दियामा देहायको उपस्थितिमा वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया : अध्यक्ष

श्री रोशनकुमार कुठायत, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दियाः सदस्य (विदामा भएको जानकारी)

श्री प्रविण धिताल, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दियाः सदस्य

डा. आरिफ तेली, मेडिकल अधिकृत, बर्दिया अस्पतालः सदस्य

श्री शिवराज पौडेल, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया : सदस्य सचिव

**आमन्त्रित सदस्य**

श्री प्रविण विडारी, डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, बर्दिया

श्री पुरुषोत्तम वाग्ले, निमित्त वरिष्ठ संरक्षण अधिकृत, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय

**आमन्त्रितः**

श्री कमल सुनार, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

श्री भगवती शर्मा पौडेल, टाईपिष्ट नायव सुब्बा, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

**प्रस्तावहरु**

१) सजाय छुट सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा ।

२) डिभिजन वन कार्यालय, बर्दियामा न्यायिक प्रकृयामा रहि फैसला हुन नसकी बाँकी रहेका मुद्दाहरुको सम्बन्धमा ।

**निर्णयहरूः**

१) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ लगायत नेपाल सरकार वादी हुने फौजदारी मुद्दाका विभिन्न कानूनहरुमा सजाय छुट सम्बन्धी व्यवस्था रहेको छ । नेपाल सरकारबाट सजाय छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० समेत जारी भई अनुसन्धान गर्ने निकाय प्रहरी र वन कार्यालयका अनुसन्धान अधिकारीबाट सजाय छुट सम्बन्धि सिफारिस भई अभियोजन गर्ने निकाय सरकारी वकीलबाटसमेत अभियोग पत्र र निर्णयमा सजाय छुट सम्बन्धि विषयलाई

समावेश गरी बर्दिया जिल्ला अदालतमा सजाय छुट सम्बन्धी मागदावीको अभ्यास गरी अभियोजन भई केहि मुद्दाहरुमा सजाय छुट सहित फैसला समेत भएको अवस्था छ । अनुसन्धान गर्ने निकायहरुले बयान र सोधपुछका क्रममा प्रतिवादी र कानूनको विवादमा परेका बालबालिका सहित अनुसन्धानकै चरणमा जाहेरवाला/पीडितलाई सजाय छुटको विषयमा जानकारी गराई प्रतिवादी/कानूनको विवादमा परेका बालकबाट अनुसन्धानमा सहयोग पुग्दा अनुसन्धान प्रभावकारी हुने भएकाले अनुसन्धानको प्रारम्भिक चरणदेखि अनुसन्धान अधिकारीले सजाय छुट लिन सकिने मुद्दाहरुका विषयमा सरकारी वकीलसँग छलफल गर्ने तथा सजाय छुटको मागदावी हुँदा मुद्दालाई छिटो छरितो रुपमा निरुपण गर्न समेत अदालत र मुद्दा हेर्ने अधिकारीलाई सघाउ पुग्ने भएकाले प्रहरी, निकुञ्ज र वनसहितका कार्यालयहरुबाट हुने मुद्दाको अनुसन्धानमा सजाय छुट सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा डिभिजन वन कार्यालय, बर्दियामा न्यायिक प्रकृयामा रहि फैसला हुन नसकी बाँकी रहेका मुद्दाहरुको सम्बन्धमा विचार गर्दा वन ऐन, २०७६ को दफा ६७ को उपदफा (१) मा दुई लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछ भनी उल्लेख भएकोमा हाल डिभिजनल वन अधिकृत प्रदेश सरकार मातहतको कर्मचारी भएकाले लामो समयदेखि न्यायिक प्रकृयामा रहेका मुद्दाहरुको फैसला हुन नसकेको अवस्थामा ती मुद्दाहरुको न्याय निरुपणको क्षेत्राधिकार बर्दिया जिल्ला अदालतमा भएकाले डिभिजन वन कार्यालय, बर्दियाले ती मुद्दाहरुको न्यायिक निरुपणको लागि श्री बर्दिया जिल्ला अदालतमा सक्कल मिसिल पठाउने निर्णय गरियो । उक्त कार्यका लागि जिल्ला सरकारी वकील कार्यालय, बर्दियाले श्री बर्दिया जिल्ला अदालतमा आवश्यक सहजिकरण गर्ने निर्णय गरियो ।

२०८०।१२।२२